## 28. येशूको अन्तिम भोजन (मत्ती 26:17-30)

## Jesus' Last Meal (Matthew 26:17-30)

### जडान गर्नुहोस्

• तपाईं आज केको लागि आभारी हुनुहुन्छ?

• गत हप्ता तपाईंले आफ्नो जीवनमा परमेश्वरले कसरी काम गरेको देख्नुभएको छ?

• तपाईंले जीवनमा कस्ता कठिनाइहरू अनुभव गरिरहनुभएको छ? हामी कसरी मद्दत गर्न सक्छौं?

• तपाईंले पछिल्लो सत्रको खोजलाई कसरी लागू गर्नुभयो? के भयो?

• तपाईंले पछिल्लो सत्रको खोज कससँग साझा गर्नुभयो? उनीहरुको प्रतिक्रिया के थियो ?

### निर्देशन:

तलका खण्डहरूमा परमेश्वरको सत्यताको खोजलाई मार्गदर्शन गर्न कृपया निम्न चरणहरू प्रयोग गर्नुहोस्। समूह दिशानिर्देशहरू समीक्षा गर्न आवश्यक छ।

### पत्ता लगाउनुहोस्

**चरण 1**- सहभागीहरूले खण्डको खण्डहरू पालैपालो पढ्छन् (नयाँ शब्दहरू/सर्तहरू स्पष्ट गर्नुहोस्)

**चरण 2**- एक जनाले पूरै खण्ड ठूलो स्वरमा पढ्छन् जबकि बाँकी सुन्छन्।

**चरण 3**- एक सहभागीले खण्डलाई आफ्नै शब्दमा पुन: बताउँछन् (अरूले आफ्ना विचारहरू थप्छन्)

### येशूको अन्तिम भोजन (मत्ती २६:१७-३०)

17 अखमिरी रोटीको पहिले दिन, चेलाहरू येशूकहाँ आए। चेलाहरूले भने, "निस्तार-चाडको भोजन गर्न
हामी तपाईंलाई तयार पारिदिन्छौं। हामीले कहाँ खान तयार गरेका तपाईं चाहनु हुन्छ?" 18 येशूले

भन्नुभयो, “शहरतिर जाऊ। मैले चिनेको मानिसको घरमा जाऊ। उसलाई गुरूले यसो भन्नु भएको छ भनेर
भन, ‘मेरो तोकिएको समय अति नजिक आएको छ। म निस्तार चाडको भोजन मेरो सबै चेलाहरूसित
तिम्रो घरमा खानेछु।’” 19 चेलाहरूले येशूको आज्ञा अनुसार सबैकाम गरिदए। तिनीहरूले निस्तार-
चाडको भोज तयार पारे। 20 जब साँझ भयो, येशू आफ्ना चेलाहरूसाथ खानामा बस्नु भएको थियो। 21
तिनीहरू सबैले भोजन खाइरहेका थिए। येशूले भन्नुभयो, “म तिमीहरूलाई साँच्चो भन्दछु। तिमीहरूमध्ये
कुनै एकजनाले मलाई विश्वासघात गर्नेछौ।” 22 चेलाहरू यो सुनेर दुःखी भए। प्रत्येकले उहाँलाई सोधे,
“प्रभु अवश्य पनि मचाहिं होइन ठीक हो?” 23 येशूले जवाफ दिनुभयो, “जसले मेरो कचौरामा मसित
हात चोब्यो त्यसैले मलाई विश्वासघात गर्नेछ। 24 मानिसको पुत्रले धर्मशास्त्रमा लेखिए अनुसार जानुपर्छ र
उसले मर्नेपर्छ। तर मानिसको पुत्रलाई मार्नका निम्ति सुम्पने त्यस मानिसले नराम्रो परिणाम भोग्नु पर्नेछ।
यस्तो हुनुभन्दा त त्यो मानिस नजन्मिएको भए बेस हुने थियो।” 25 त्यसपछि येशूलाई विश्वासघात गर्न
यहूदाले येशूलाई भने, “गुरूज्यू, निश्चय नै म त्यो एकजना होइन ठीक हो?” येशूले भन्नुभयो, “हो, यो
तिमी नै हौ।” 26 खाँदै गर्दा येशूले रोटी लिनुभयो। येशूले रोटीको निम्ति परमेश्वरलाई धन्यवाद दिनुभयो र
त्यसलाई टुक्रा पार्नुभयो। येशूले आफ्ना चेलाहरूलाई रोटी दिनुभयो। र भन्नुभयो, “यो रोटीहरू लेओ र
खाओ। यो रोटी नै मेरो शरीर हो।” 27 त्यसपछि येशूले एक प्याला दाखरस लिनुभयो। येशूले त्यसको
लागि परमेश्वरलाई धन्यवाद दिनुभयो अनि त्यो चेलाहरूलाई दिनुभयो। येशूले भन्नुभयो, “तिमीहरू
प्रत्येकले यसबाट पिओ। 28 यो दाखरस मेरो रगत हो। मेरो रगतले परमेश्वरबाट उहाँको
मानिसहरूकालागि नयाँ करारको प्रारम्भ गर्नेछ। यो रगत धेरै मानिसहरूलाई तिनीहरूको पाप क्षमाको
लागि बहाइन्छ। 29 म तिमीहरूलाई भन्दछु म यो दाखरस फेरि पिउँदिन जबसम्म मेरो पिताको राज्यमा
नयाँ जस्तै भएर हामीहरू एकै पिउँदैनौं।” 30 तिनीहरू सबैले एउटा भजन गाए। त्यसपछि उनीहरू “जैतून
डाँडामा” गाए।

---

(नेपाली बाइबल: पढ्न सजिलो संस्करण। प्रतिलिपि अधिकार © 2004, 2010 बाइबल लीग इन्टरनेशनल । सबै अधिकार सुरक्षित छन्।)

**सोध्नुहोस्/उत्तर:**

• यो खण्डको अर्थ के हो?

• यो खण्डमा तपाईलाई के मनपर्छ/मनपर्दैन?

**जवाफ दिनु : यदि यो सत्य हो भने...**

• यसले तपाईंको जीवन शैली कसरी परिवर्तन गर्नुपर्छ?

• तपाईं आजको खोज कसलाई साझा गर्नुहुनेछ?

• खण्डले तपाईंले परमेश्वर/मानिसहरूलाई हेर्ने तरिकालाई कसरी परिवर्तन गर्छ?

**बन्द गर्नुहोस्**

• समूह फेरि कहिले भेट्ने निर्णय गर्नुहोस्।

• प्रार्थनामा बन्द गर्नुहोस्। (माथि उल्लेखित आवश्यकताहरूको लागि)

(अनुवादक: कृशान्त रौनियार । हाम्रो प्रभु येशूको नाममा जयमशी)